यहि मिति २०८३ असार महिनाको ०५ गते बसेको (१६औं) कार्यपालिका बैठकको निर्णयहरुः

१. यस गाउँपालिका गाउँकार्यपालिकाको अघिल्लो बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्था बारे छलफल र समीक्षा गरियो ।

२. वागमती प्रदेश गाँउ।नगर।जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन २०७५ को दफा ३ बमोजिम महाभारत गाँउपालिका गाँउसभाको १९ औं(बजेट) अधिवेशन यहि मिति २०८३ असार ९ गते सोमबार बिहान ११:३० बजे बोलाउने निर्णय गरीयो।

३. महाभारत गाँउपालिकाको केन्द्र जोड्ने मुल सडकहरू मर्मत संभार गरी सुचारू गर्न मर्मत संभार कोषबाट निकासा हुने गरी पूर्वाधार शाखाको लागत अनुमान बमोजिम (पाँच लाख नबढ्ने गरी) वडा समितिको सिफारीस बमोजिम खर्च गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने।

क. वाक्सेभञ्ज्याङ किल्ला तीनखुट्टे देवीटार गोकुले सडक

ख. घमाइलो चौडिक खोलाघारी सडक

ग. सिपाली बुढाखानी तीनखुट्टे सडक

घ. घ्याब्रीङ खोलाभञ्ज्याङ चाउडिक सडक

४. महाभारत गाँउपालिका गाँउपालिकाको सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम अन्तरगत मनोसामाजिक परामर्शकर्ता (सहायक पाँचौ) पदमा महाभारत गाँउपालिकाको सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७४ को दफा ६ बमोजिम बैकल्पिक उम्मेदारलाई ऐ ऐ कार्यविधिको दफा ९ बमोजिम नियुक्ति गर्ने भनी संस्थागत विकास तथा सुशासन समितिद्धारा प्राप्त प्रस्तावलाई स्विकृत गर्ने निर्णय गरीयो।

५. नेपालको संविधानको अनुसुचि ८, स्थानीय सरकार सञ्चालन ऐन २०७४, जलस्रोत ऐन २०४९ तथा महाभारत गाँउपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम न्यू ग्राउण्ड इनर्जी प्रा लि ललितपुर २३ धापाखेल (कम्पनी दर्ता नं ३८५७५३/८२-८३) ले माग गरे बमोजिम महाभारत गाँउपालिका वडा नं २ स्थित तल्लो चाउखोला स्माल हाइड्रोपावर आयोजना (९९१ किलोवाट) को विस्तृत अध्ययन र संभाव्यता सर्भेक्षण कार्य गर्नका लागि नियमानुसार शर्त र अवधि तोकी सर्भेक्षण अनुमति प्रदान गर्ने निर्णय गरीयो।

कान्छामान डिम्बा
प्रमुख

६. यस गाँउपालिकाको सेवा प्रवाह र विकास निर्माण कार्यलाइ पारदर्शी उत्तरदायी र जवाफदेही बनाइ सार्वजनिक कोषको अत्युत्तम परिचालन मार्फत सार्वजनिक जवाफदेहिता अभिवृद्धि गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ को उपदफा (५) बमोजिमको कानूनी प्रबन्ध गर्न विधायन समितिबाट दफावार छलफल भई प्रतिवेदन सहित पेश भएको **"महाभारत गाँउपालिका सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि २०८३"** अनुमोदन गर्ने निर्णय गरीयो।

७. महाभारत गाँउपालिका गाँउकार्यपालिका अन्तरगतका विषयगत समितिहरूको कार्यसंचालन प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन महाभारत गाँउपालिकाको प्रशासकीय कार्यविधि ऐन २०७४ को दफा ४ ले बमोजिम संस्थागत विकास तथा सुशासन समितिद्धारा तर्जुमा भएको **"महाभारत गाँउपालिकाको विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि २०८३"** लाई छलफल गरी प्रतिवेदन सहित पेश गर्न विधाय समितिमा पठाउने निर्णय गरीयो।

८. यस गाँउपालिकाका सुचना तथा अभिलेख प्रणालीलाई व्यवस्थित बनाई आर्थिक सामाजिक सांस्कृतिक जनसांख्यिक प्रशासनिक तथा प्राकृतिक स्रोतसँग सम्बन्धित तथ्याङ्कहरूको उत्पादन संकलन प्रशोधन संरक्षण सम्प्रेषण र वितरण कार्यलाई व्यवस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को (च) र (ड) तथा महाभारत गाँउपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ दफा ४ बमोजिम संस्थागत विकास तथा सुशासन समितिद्धारा तर्जुमा भई पेश भएको **"महाभारत गाँउपालिकाको सुचना तथा अभिलेख केन्द्र स्थापना तथा संचालन सम्बन्धी कार्यविधि २०८३"** लाई थप छलफल गरी प्रतिवेदन सहित पेश गर्न विधायन समितिमा पठाउने निर्णय गरीयो।

९. महाभारत गाँउपालिका भित्रका कृषकहरूलाई संगठित गरी संस्थागत विकास तथा कृषि कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको लागि महाभारत गाँउपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम आर्थिक विकास समितिबाट तर्जुमा भई पेश भएको **"कृषक समुह गठन दर्ता तथा नवीकरण व्यवस्थापन निर्देशिका २०८३"** थप छलफल गरी प्रतिवेदन सहित पेश गर्न विधायन समितिमा पठाउने निर्णय गरीयो।

१०. महाभारत गाँउपालिका अन्तरगतका कृषकहरूका पशुपन्छिको मलमुत्र व्यवस्थापन गरी जैविक मलको उत्पादन बढाई खाद्यान्न तथा नगदे बालीको उत्पादन उत्पादकत्व

कान्छामान जिम्बा
प्रवक्ता

वृद्धि गरी कृषकहरूको आयआर्जन र जीवनस्तरमा सुधार गर्न गाँउपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम आर्थिक विकास समितिद्धारा तर्जुमा भई पेश भएको **"महाभारत गाँउपालिकाको गोठ तथा भकारो सुधार र पशु मलमुत्र व्यवस्थापन कार्यविधि २०८३"** लाई थप छलफल गरी प्रतिवेदन सहित पेश गर्न विधायन समितिमा पठाउने निर्णय गरीयो।

११. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७(३) गाँउपालिका वा नगरपालिकाको पूर्वस्वीकृति लिई मात्र भवनका लागि जग्गाको खण्डीकरण वा प्लटिङ गर्नुपर्ने व्यवस्था र स्थानीय शासन कार्यसम्पादन मुल्यांकन (व्यवस्थापन तथा अतिरिक्त) कार्यविधि २०८२ को ५ मा जग्गा प्लटिङ वा खण्डीकरणको संभावना नरहेको भए कार्यपालिकाबाट निर्णय गर्नुपर्ने प्रावधान बमोजिम महाभारत गाउपालिकाको भौगोलिक तथा प्राकृतिक बनावटको कारणले गर्दा हाललाई जग्गा प्लटिङ तथा खण्डीकरणको संभावना नरहेको भनी वन तथा वातावरण समितिद्धारा पेश भएको प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरीयो।

कान्छामान जिम्बा

प्रवक्ता

कान्छामान जिम्बा
प्रवक्ता